# महादेवा गाउँपालिका
## बथनाहा, सप्तरी

# महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धि कार्यविधि, २०८२

कार्यपालिकाको मिति २०८२।०८।२३ गतेका निर्णयानुसार स्विकृत भएको।

## परिच्छेद १

**प्रस्तावना :**
संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ बमोजिम स्वयंसेवाको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाको परिचालन तथा व्यवस्थापन स्थानिय तहबाट गर्न निर्देशन गरिएको छ । गाउँपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदर एवम् कुपोषणमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय भूमिकालाई उच्च मुल्यांकन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवम् स्वास्थ्य सेवा प्रवाहको लागी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्नका लागी थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महादेवा गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यो कार्यविधिको नाम "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धि कार्यविधि, २०८२" रहेको छ ।
(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।
**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-
(क) "कार्यविधि " भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धि कार्यविधि, २०८२ सम्झनु पर्दछ ।
(ख) "छनौट" भन्नाले पहिलो पटक वा पुनः तोकिएको प्रक्रिया र विधि पुरा गरी छनौट भएको योग्य व्यक्ति सम्झनुपर्छ ।
(ग) "बिदाई" भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवम् मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्छ ।
(घ) "स्वयंसेविका" भन्नाले स्थानिय स्वास्थ्य आमा समुहद्धारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेको पाठ्यक्रम् अनुसार तालिम प्राप्त गरी स्थानिय स्वास्थ्य संस्थाद्धारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुऱ्याउने स्वयंसेवी महिलालाई जनाउँछ । साथै यस शब्दले आमा समुहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ ।
(घ) "सेवा सुविधा" भन्नाले महादेवा गाउँपालिका अन्तर्गत महिला स्वयंसेविकाको रुपमा कार्यरत स्वयंसेवीलाई गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा सम्झनु पर्दछ ।

## परिच्छेद २
### स्वयंसेविका छनौट तथा बिदाई एवम् सेवा रद्द सम्बन्धि व्यवस्था

**३. स्वयंसेविका छनौट :** (१) स्वयंसेविकाको छनौट नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तोकेको निर्देशिकाको देहायको प्रावधान बमोजिम हुनेछ ।

क) तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनु पर्ने,
ख) कम्तिमा ५ बर्ष सेवा गर्न इच्छुक रहेको,
ग) समाज सेवा गर्न चाहना भएको,
घ) राजनीतिमा नलागेको र कुनै पनि राजनीतिक पदमा बहाल नरहेको,
ङ) कुनै पनि लाभको पदमा बहाल नरहेको,
च) कम्तिमा SLC वा SEE उतिर्ण गरेको ।
(२) स्थानिय दलित, जनजाती वर्गलाई प्राथमिकता दिइनेछ ।
(३) छनौट सम्बन्धि अन्य व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड वा निर्देशिका बमोजिम हुनेछ ।

**४. स्वयंसेविकाको विदाई :** (१) दफा ३ अनुसार छनौट र कार्यरत रहेका स्वयंसेविकाको देहायका अवस्थामा सेवाबाट विदाई हुनेछ ।
क) राजीनामा दिएमा,
ख) ६० बर्ष उमेर पुरा भएमा,
ग) स्वयंसेविकाले आमा समुह समक्ष सेवा छाड्ने इच्छा जाहेर गरी बिदाई लिएमा,
घ) राजनैतिक एवम् कुनै सरकारी सेवा वा अन्य संघसंस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा,

**५. स्वयंसेविकाको सेवा रद्द गरिने :** (१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्द गरिनेछ ।
क) स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाइएमा,
ख) भ्रष्टाचार, अनुशासनको उल्लंघन तथा नैतिक पतन देखिने कार्य गरेमा,
ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहिँ कतैबाट दैनिक ज्यालादारी, करार वा स्थायी नियुक्ति लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा,
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले विना सूधमा ६ (छ) महिना सम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्द हुनेछ ।

## परिच्छेद ३
## सेवा सुविधा सम्बन्धि व्यवस्था

**६. सेवा तथा सुविधा :** (१) स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक संचालन, मासिक बैठकमा उपस्थिति, खोप कार्यक्रम, गाउँघर क्लिनिक संचालन लगायतका स्वास्थ्य सम्बन्धि तोकिएका कार्यक्रमहरुको नियमित संचालन तथा समुदायमा सहयोग जस्ता क्रियाकलाप संचालन गरेबापत उत्प्रेरणाको लागी अनुसूची १ अनुसारको सेवा सुविधा प्रदान गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वयंसेविकाले उपदफा (१) बाहेक अन्य कुनै पनि किसिमको तलब तथा अन्य सुविधा दाबी गर्न पाउने छैन । साथै दफा ५ बमोजिम सेवा रद्द भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुविधा उपलब्ध गराइने छैन ।

## परिच्छेद ४
## विविध

**७. अन्य :** (१) यस कार्यविधिमा उल्लेख नभएका वा समावेश नभएका विषयका सम्बन्धमा महादेवा गाउँपालिका गाउँकार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ ।

**८. संशोधन तथा खारेजी :** महादेवा गाउँपालिका गाउँकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्न सक्नेछ ।

**९. विविध :** यो कार्यविधि लागू हुनु भन्दा पहिले यस सम्वन्धि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १
### दफा ६ (२) सँग सम्बन्धित
### स्वयंसेविकाले पाउने सेवा सुविधा

| सि.नं. | क्रियाकलाप | बर्ष/महिना/पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १ | मासिक यातायात खर्च | प्रति महिना | २,०००।०० | |
| २ | बार्षिक प्रोत्साहन/चाडपर्व खर्च | प्रति बर्ष | ५,०००।०० | |
| ३ | सम्मानजनक विदाई खर्च | २० बर्ष भन्दा बढी अवधि सेवा गरेको | २५,०००।०० | एकमुष्ट |
| ४ | | २० बर्ष भन्दा कम अवधि सेवा गरेको | १५,०००।०० | एकमुष्ट |

महादेवा गाउँ कार्यपालिकाको कार्यालय